**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २१ मई २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. पूर्व प्रधानमन्त्री राजीव गाँधीको ३३औ पुण्य तिथि आज सिलगढीमा पनि पालन गरियो।

२. आज अखिल भारतीय गोर्खालीगका प्रखर नेता मदन तामाङको पुण्य तिथि, गोर्खा राजनीतिमा निडर नेता मानिएको तामांगलाई पहाडबासीले स्मरण गरे|

३. पहाड समतलको विभिन्न ठाउँमा हाल आयोजना भइरहेको गोर्खे हाटहरू झै यताए दार्जीलिङको रंगली रंगली ब्लक अन्तर्गत टिस्टा भेल्लीमा पनि आजदेखि आधिकारिक रूपमा मंगलबारे हाट सुरू भएको छ।

४. पश्चिम बङ्गाल पुलिसमा कार्यरत मिरिक निवासी पेमा रिन्जिन लामाको निधनको खबरले क्षेत्रमा शोकको लहर छाएको छ । केहि दिन देखि बेपत्ता रहेको पेमाको शव हुग्ली नदीबाट उद्धार गरिएको छ|

५. रङली-रङलियट खण्ड अन्तर्गत नामरिङ चियाबारीमा आज अन्तर्राष्ट्रिय चिया दिवस पालन गरिएको थियो।

आतंकवाद विरोधी दिवस

आज देशभर आतङ्कवाद विरोधी दिवस मनाइँदै छ । यो दिन पूर्व प्रधानमन्त्री राजीव गान्धीको पुण्यतिथिमा मनाइन्छ। आतंकवादी संगठन LTTE ले २१ मइए १९९१ मा चेन्नई नजिकै श्रीपेरुम्बुदुरमा आत्मघाती बम आक्रमणमा श्री गान्धीको हत्या गरेको थियो। आतंकवाद र हिंसाले समाज र राष्ट्रमा पार्ने नकारात्मक प्रभावप्रति ध्यानाकर्षण गराउन यो दिवस मनाइन्छ ।

****** ० ******

**श्रद्धाञ्जली अर्पण**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज पूर्वप्रधानमन्त्री राजीव गान्धीलाई उहाँको पुण्यतिथिमा श्रद्धाञ्जली अर्पण गर्नुभएको छ द्य सामाजिक संजालमा एक पोस्ट साझा गर्दै प्रधानमन्त्रीले श्री गान्धीलाई स्मरण गर्नु भयो| यसैगरी कांग्रेस अध्यक्ष मल्लिकार्जुन खर्गेए कांग्रेस संसदीय दलकी नेतृ सोनिया गान्धी र कांग्रेस नेता राहुल गान्धीले नयाँ दिल्लीको वीरभूमिमा पूर्व प्रधानमन्त्री राजीव गान्धीलाई पुष्पहार अर्पण गरे।

****** ० ******

**३३औ पुण्य तिथि सिलगढी**

पूर्व प्रधानमन्त्री राजीव गाँधीको ३३औ पुण्य तिथि आज सिलगढीमा पनि पालन गरियो। प्राप्त जानकारी अनुसार आज सिलगढीको हासमी चोक परिसरमा रहेको पार्टी कार्यालयमा स्व राजीव गाँधीको पुण्य तिथि पालन गरियो। यस अवसरमा काङ्ग्रेस पार्टीका स्थानीय नेताहरूले दिवङ्गत नेता राजीव गाँधीको फोटोमा धुप- द्वीप जलाउनको साथै फुल-माला चढाएर श्रद्धाञ्जलि अर्पण गरे। यस अवधि दार्जीलिङ जिल्ला काङ्ग्रेस अध्यक्ष शंकर मालाकारए जीवन मजूमदारए राजेश प्रसादए सुब्रत दत्तए सदानन्द दासए कलाकन घोष लगायत अन्य काङ्ग्रेस कार्यकर्ताहरू उपस्थित थिए।

****** ० ******

**ममता ब्यानर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले सन्देशखाली पुगी महिलाहरुको इज्जतमा खेलवाड गर्ने चाहे राम होस् या रहिम कसैलाई पनि नछोड्ने ठुलो दाबी गर्नु भएको छ । । बीजेपीले सन्देशखाली आन्दोलनकी एक अनुहार रेखा पात्रालाई बसिरहाटबाट उम्मेदवार बनाएको छ । भाजपाको उम्मेदवार बनेपछि प्रधानमन्त्री नरेन्द्र मोदीले रेखालाई फोन गर्नु भएको थियो । मुख्यमन्त्री ममता बनर्जीले यस विषयमा प्रधानमन्त्रीलाई निशाना बनाएकी छन् ।बसिरहाट लोकसभा निर्वाचन क्षेत्रमा प्रचारको पहिलो दिन ममताले भन्नुभयोए ष्सन्देशखालीमा आमा दिदीबहिनीको अपमान भएकोले म स्तब्ध छु ।

****** ० ******

**मदन तामांग-**

आज अखिल भारतीय गोर्खालीगका प्रखर नेता मदन तामाङको पुण्य तिथिमा दार्जीलिंग पहाडबासीले आफ्नो नेतालाई स्मरण गरे| वर्ष २०१० को २१ मई आजकै दिन दार्जीलिंग शहरको क्लब स्टयाण्डमा अखिल भारतीय गोर्खालीग पार्टीको अध्यक्ष मदन तामाङको निर्मम हत्या भएको थियो। स्व मदन तामाङको गणना एक निडर नेताको रुपमा गरिन्छ|
उहाँको 14 औ पुण्य तिथिको दिन उहाँकै सालिग़ अघि श्रद्धाञ्जली अर्पण स्व ० मदन तामाङ्गकी धर्म पत्नी भारती तामङ लगायत विभिन्न व्यक्तिहरुले दार्जीलिंग क्लब साइड स्तिथ उहाँको सलिग मा श्रद्धा अर्पण गरे। स्व० तामाङको हत्याको 14 बर्ष सम्म पनि न्याय नपाएकोमा दु:ख व्यक्त गर्दै इश्वर माथी अझ आस्था रहेको अनि एक दिन अवश्य नै न्याय पाउने छौं भनि स्व० तामाङकी पत्नी भारती तामाङले पत्रकारहरुलाई बताउनु भयो ।

यसैगरी, अखिल भारतीय गोर्खालीगका प्रखर नेता मदन तामाङलाई न्याय दिलाउँन हाम्रो पार्टी वचनबद्व रहेको पार्टीको संस्थापक अध्यक्ष अजय एडवाडर्सले घोषणा गर्नु भएको छ। आज १४ औ पूण्य तिथिको अवसरमा हाम्रो पार्टी अध्यक्ष अजय एडवाडर्सले शहीद मदन तामाङको शहीद बेदीमा मोम बती जलाएर श्रद्वाजंलि चढाउनु भयो ।

****** ० ******

**पारुहाङ साया सिलिचुङ माङ्खिम**

बिजनबारी बजारदेखि लगभग १५ किलो मीटर माथि अवस्थित मेगीटार ईको टुरिजम क्षेत्रमा खम्बु राईहरुको पारुहाङ साया सिलिचुङ माङ्खिम अहिले धमाधम निर्माण भईरहेको छ। आज यस निर्माणाधीन पारुहाङ साया सिलिचुङ माङ्खिम बारे निर्माण कमिटीको बैठक सम्पन्न भयो। माङ्खिम निर्माण कमिटीका अध्यक्ष के बी राईको अध्यक्षतामा सम्पन्न सभामा माङ्खिमको निर्माण कार्य चाँडै गरिनु पर्ने सभामा प्रस्ताव पारित गरियो। यस दिन सप्तर्षि अकादमी विजनबारीका प्रिन्सिपल सञ्जय राईए साकफारा निवासी बन्धन राईए मण्डल राई आदिले पुनः आर्थिक सहयोग गर्ने वचन दिए । यो माङ्खिम निर्माण सन्दर्भ अन्य खम्बु राई सदस्यहरुले पनि आर्थिक सहयोग गरे चाँडै निर्माण कार्य पुरा हुने सभापति केबी राई अनि सचिव राजु चाम्लिङले जनाए।

****** ० ******

**टिस्टा भेल्ली मंगलबारे हाट**

पहाड समतलको विभिन्न ठाउँमा हाल आयोजना भइरहेको गोर्खे हाटहरू झै यताए दार्जीलिङको रंगली रंगली ब्लक अन्तर्गत टिस्टा भेल्लीमा पनि आजदेखि आधिकारिक रूपमा मंगलबारे हाट सुरू भएको छ। टिस्टा भेल्ली बजार गाउँस्थित सरकारी हाट सेट कम्प्लेक्स परिसरमा आज चिया कमानका सह प्रबन्धक बिरेन्द्र छेत्रीए रंगली रंगली ब्लक कार्यालयका अधिकारी श्रीमती विद्या शर्माए पञ्चायत प्रधान शन्तबीर सुब्बा आदिले संयुक्त रूपमा मंगलबारे हाटको विधिवत् उद्घाटन गरे। मंगलबारे हाट कमिटीका सदस्य तथा पञ्चायत सदस्य मेन्डुप तामाङले मंगलबारे हाट सञ्चालन गर्नुको मुख्य उद्देश्यबारे प्रकाश पार्दै विशेष गरेर स्थानीय बेरोजगार युवा-युवतीहरूले आफ्नै ठाउँमा सानो-तिनो केही व्यवसाय गरेर भए तापनि परिवार चलाउनमा केही आर्थिक सहयोग पुगोस् भन्ने रहको बताउनु भयो। मंगलबारे हाटले गर्दा घरमा दैनिक चाहिने अति आवश्यक सर-सामानहरू लगायत साग-सब्जीहरू किन्नका लागि धेरै रूपियाँ खर्च गरेर टाढा-टाढा जान नपरोस् तर कम मूल्यमा यहीँ आफ्नै ठाउँमा किन्न सकोस् भन्ने पनि हाट कमिटीको सोंच रहेको उहाँले बताउनु भयो। आजदेखि शुरू भएको टिस्टा भेल्ली मंगलबारे हाटमा पहिलो दिन आज स्थानीय टिस्टा भेल्ली लगायत ओदलाबारीए लप्चूए चेग्रा बस्तीए पुबुङ आदि ठाउँबाट व्यापारीहरू आएका थिए। दिएका छन्।

****** ० ******

**बीएसएफ गोलीबारी**

दिनहाटाको गितालदहमा भारत-बङ्ग्लादेश सीमामा बीएसएफ-ले चलाएको गोली लागेर एकजना तस्कर गम्भीर रूपले घाइते भएको छ। बीएसएफ-को ६०औ बटालियन सूत्रले दिएको जानकारी अनुसार आज लगभग ३० जना मानिसहरूको एउटा तस्कर गिरोहले भारत-बङ्ग्लादेश सीमाबाट ३० वटा गाई-गोरूहरू तस्करी गरेर बङ्ग्लादेश लैजाने कोशिश गरिरहेको थियो। ड्यूटीमा तैनाथ बीएसएफ-का जवानहरूले तस्कर गिरोहलाई गाई-गोरूको तस्करी रोक्ने प्रयास गर्दा उल्टै तिनीहरूले बीएसएफ जवानहरू माथि हमला गरेर तस्करी गर्ने प्रयास गरे। यसपछि बीएसएफ जवानहरूले आत्मरक्षाको लागि गोली चलाए। उक्त गोलीबारीमा एकजना तस्कर गम्भीर रूपमा घाइते भएको छ भने अन्य सबै जना घटनास्थलबाट चम्पट कसे।

****** ० ******

**पेमा रिन्जिन लामा**

पश्चिम बङ्गाल पुलिसमा कार्यरत मिरिक निवासी पेमा रिन्जिन लामाको निधन भएको खबरले क्षेत्रमा शोकको लहर छाएको छ । उनी थर्बु बहादुर गाउँ मिरिकका बासिन्दा हुन् । पेमा हँसिलो मनोवृत्ति र दयालु व्यवहारको व्यक्ति थिए। उनी पश्चिम बङ्गाल पुलिसमा कार्यरत थिए र हाल सेरामपुरए पीएस क्षेत्र चन्दननगर पुलिस कमिसनरेटए हुग्ली जिल्लामा तैनाथ थिए। स्रोतका अनुसार रिन्जिन केही दिनदेखि चुनावी ड्युटीमा रहेका थिए भने आफ्नो कर्तव्य क्षेत्रबाट बेपत्ता भएका थिए। तर दुर्भाग्यवश उनको शव हुग्ली नदीबाट भेटिएको बताइएको छ । मृत्युको कारण भने अझै खुल्न सकेको छैन ।

****** ० ******

**उर्गेन तामाङ**

रसियामा फसेका कालेबुङ निवासी उर्गेन तामाङलाई सकुसल आफ्नो घर फर्काइ ल्याउन पहल जारी छ। सरकार पक्षबाट यस विषयलाई हालसम्म गम्भीर रूपमा नलिएको भन्दै माटोको माया अनि भालुखोप सुधार समिति र परिवार पक्षले जिल्लापालसँग भेट गरेर उनलाई घर फर्काउन पहल गरिदिन निवेदन गर्दै ज्ञापन बुझाइएको छ। उल्लेखनीय छए उर्गेन तामाङ्ग हाल रसिया र युक्रेनको युद्धमा रसियाको पक्षबाट फ्रन्ट लाइनमा युद्धमा होमिएका छन्। उनलाई रसियामा काम दिलाउने भनी लगिएको भनिएता पनि एजेन्टले झुक्काएर युद्धमा फसाएको उनले परिवारसँगको बातचीतमा जानकारी गराएका छन्। उनलाई चाँडो भन्दा चाँडो उद्धार गरिदिन अपील गरिरहेको परिवारवाट पत्नी अम्बिका तामाङ अनि माटोको माया संस्थाबाट अधिवक्ता वीरेन्द्र रसाइलीले अपील गर्नु भएको छ।

****** ० ******

**कालेबुङ कार्कृती किक बक्सिङ**

आगामी २२ मईदेखि २७ मईसम्म हुन गइरहेको चिल्ड्रेन एन्ड क्रेडिट्स वाको इंडिया नेसनल प्रतियोगीतामा कालेबुङ कार्कृती किक बक्सिङका चार जना खेलाडीहरु कालेबुङबाट प्रस्थान भएका छन्। कालेबुङबाट कोच युवराज राईए मेनेजर विजय खनालको नेतृत्वमा टोलीलाई कालेबुङका खेल प्रेमी अनि अभिभावकहरुले शुभकामना दिएका छन्। यसै अवसरमा कोच युवराज राईले सहयोग गर्ने सबैप्रति आभार जनाउनु भएको छ। अर्कोतिर सभापति जस् बहादुर छेत्रीले खेललाई सबैले सहयोग गरिदिने आह्वान पनि गर्नु भएको छ। यसैगरी पूर्व फुटबल नादुङ्ग भुटिया अनि ओलोम्पियन भरत छेत्रीले खेलको विकाशमा सबैले पहल गरिदिन आग्रह गर्नु भएको छ।

****** ० ******

**अन्तर्राष्ट्रिय चिया दिवस पालन**

रङली-रङलियट खण्ड अन्तर्गत नामरिङ चियाबारीमा आज अन्तर्राष्ट्रिय चिया दिवस पालन गरिएको थियो। जसमा चियाबारीका कर्मचारीहरू अनि श्रमिकहरू उपस्थित थिए। उक्त कार्यक्रममा केक काटेर उपस्थित श्रमिकहरूमाझ वितरण गरिएको थियो। यस उपलक्ष्यमा बोल्दै चियाबारीका प्रबन्धक मुकुल रोय चौधरीले उक्त चियाबारीबाट धेरै सङ्ख्यामा श्रमिकहरू पलायन भएका छन् भन्दै ती सबैलाई फर्की आउने अनुरोध गर्नु भएको थियो।

****** ० ******